Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

नेपाल महाभूकम्प २०७२ अपडेट : १२औ दिन
मिति : ०७२ वैशाख २३
अन्तिम अपडेट : २२०० बजे

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ७,६७५
घाइते : १६,३९०

## भूकम्पबाट शैक्षिक क्षेत्रमा असर

१२ वैशाखमा गएको विनाशकारी भूकम्पका कारण समयमै समुचित व्यवस्थापन गर्न नसकिएकाले विद्यालय तहका शैक्षिक कार्यक्रममा अत्यन्त नकारात्मक असर पर्ने देखिएको छ । भूकम्पबाट कैयन विद्यालय भवन पूर्णतः क्षतिग्रस्त भएका छन् भने कैयन् आंशिकरूपमा क्षतिग्रस्त भएका कारण तत्कालै उपयोग हुन सक्ने अवस्थामा छैनन् ।

भूकम्पबाट अति प्रभावित जिल्लाबाहेक अन्य २३ जिल्लाका विद्यालय भवनमा क्षति पुगेको बाट के स्पष्ट हुन्छ भने बालबालिका पढ्न जाने विद्यालयको सुरक्षाप्रति कसैको ध्यान गएको रहेनछ । संयोगवशः शनिवार विदाको दिन भएकोले विद्यालयमा धेरै मानवीय क्षति भएन । शिक्षा विभागका अनुसार ३६ जिल्लाका ५७५ विद्यालयमा पूर्ण र ९६९ विद्यालयमा आंशिक क्षति पुगेको छ । यो प्रारम्भिक सूचना हो । इन्सेकमा जिल्लाहरूबाट प्राप्त सूचनाहरूको आधारमा हेर्ने हो भने यो सङ्ख्या निश्चितरूपमा बढ्ने छ ।

वैशाख मसान्तसम्म विद्यालयहरू बन्द गरिएका छन् । सुरक्षित विद्यालय भवनहरू  भूकम्पपीडितका आश्रयस्थलमा परिवर्तन भएका छन् । ओत लाग्ने अन्य माध्यम उपलब्ध नहुन्जेलसम्म  थातवासको रूपमा उपयोग भएका विद्यालयमा पठनपाठन सञ्चालन गर्न सम्भव देखिँदैन ।  तसर्थ शैक्षिक कार्यक्रम आरम्भ गर्नु अगावै भूकम्पपीडितलाई आवश्यक बसोवासको व्यवस्था मिलाइ सक्नुपर्नेछ भने भत्किएका विद्यालयहरूलाई यथासम्भव अन्य विद्यालयमा गाभेर भए पनि अध्ययन अध्यापन आरम्भ गरिनु जरूरी छ । सङ्कटकालीन अवस्थामा निष्कृय बालबालिकाहरूमा अराजकता बढ्ने, आपराधिक कृयाकलापमा रोमाञ्चका लागि संलग्न हुन सक्ने खतराप्रति समयमै सचेत हुनु जरूरी छ ।

**उल्लेख्यः**

- भूकम्पबाट अति प्रभावित १४ जिल्लाका १ सय ४९ ओटा स्वास्थ्य उपचार सेवा भवनहरू पूर्ण रूपमा क्षतिग्रस्त भएको छ ।
- भूकम्पका कारण ओखलढुङ्गाका १ सय ७० विद्यालयमा क्षति पुगेको छ । जिल्ला दैवी प्रकोप उद्धार समितिको तथ्याङ्कअनुसार ६० विद्यालयका भवन पूर्ण रूपमा क्षति पुगेको छ भने १ सय १० सञ्चालन गर्न नसकिने अवस्थामा पुगेका छन् ।
- भूकम्प गएको ११ दिन बितिसक्दा पनि भोजपुर जिल्लाको दोभाने, खाटाम्मा, चौकीडाँडा, कुलुङ, नेपालेडाँडा र कुदाककाउले गाविसका पीडितले अझै राहत पाएका छैनन् ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

- भुकम्पबाट कास्की जिल्लाका ६२ ओटा सामुदायिक विद्यालयमा १ करोड बढीको क्षति भएको जिल्ला शिक्षा कार्यालयले जनाएको छ ।
- भूकम्पले पाल्पाका ५० भन्दा बढी विद्यालयमा क्षति पुऱ्याएको छ ।
- महाभूकम्पले अति प्रभावित धादिङ जिल्लाको प्रधानमन्त्री सुशील कोइराला, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र एनेकपा माओवादी अध्यक्ष पुष्पकमल दाहालले धादिङका क्षतिग्रस्त गाउँको निरीक्षण गरेका छन् । उनीहरूले उत्तरी धादिङको लापा, तिप्लिङ, सेर्तुङ, झर्लाङ धुवाकोट, सत्यदेवी, दार्खालगायतका गाविसहरूको हेलिकप्टरबाट निरीक्षण गरेका छन् । यसक्षेत्रका करिब ९५ प्रतिशत घरहरू ध्वस्त भएका छन् भने बाँकी घरसमेत बस्न नहुने अवस्थामा रहेका छन् ।
- भूकम्पमा परी त्रिवि शिक्षण अस्पताल, काठमाडौंमा उपचारार्थ २० जना घाइते बेवारिसे अवस्थामा रहेको त्रिवि शिक्षण अस्पतालका निर्देशक प्रा.डा. दीपक महरा जानकारी दिएका छन् । बेवारिसे सबै घाइतेहरूको उपचार अन्तिम अवस्थामा पुगेकाले डिस्चार्ज गर्नुपर्ने बेला भएको तर ती मानिसहरूको हालसम्म आफन्त फेला नपरेका कारण घर फर्काउन समस्या परेको निर्देशक महराको भनाइ छ ।
- भूकम्पबाट मकवानपुरका ११ वटा सरकारी स्कुल क्षतिग्रस्त भएका छन् । भूकम्पबाट ५ जना विद्यार्थीको मृत्यु भएको छ ।
- जुम्ला सदरमुकाम खलङ्गा बजारदेखि पैदल हिँडेर एक दिनमा पुग्न सकिने मालिकाबोता गाविसमा रहेको नेपाल माध्यमिक विद्यालयका करिव ४ सय ५० जना विद्यार्थीले नगदेवाली सिमी बेचेर राहत संकलन गरी जिल्ला दैवी प्रकोप उद्धार तथा राहत समितिको खातामा वैशाख २३ गते ४५ हजार रूपियाँ जम्मा गरेका छन् ।
- इन्सेक क्षेत्रीय कार्यालय, धनगढीमा कार्यरत कर्मचारी र लोकतन्त्र र शान्तिका लागि नागरिक समाज, कैलालीले भूकम्प पीडितका लागि टेन्टलगायतका सामग्री खरिदका लागि २० हजार नगद रकम प्रदान गरेका छन् ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline